# गाउँ कार्यापालिकाको निर्णयहरु

## मितिः- २०८२/१२/२७

**निर्णय नं. १,**

स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (LGPAS) मा उल्लेखित विभिन्न सूचकहरुमा यस गाउँपालिकाले आ.व. ०८१/८२ मा सम्पादन गरेका सूचकसँग सम्बन्धित विभिन्न कागजातहरु प्रविष्ट गरी जिल्ला समन्वय समिति, नुवाकोटमा पृष्ठपोषणको लागि पठाईएको पृष्ठपोषण सहित प्राप्त भएको प्रतिवेदन प्राप्त भएको छ। उक्त प्रतिवेदनमा उल्लेखित पृष्ठपोषणहरुलाई ग्रहण गरी आवश्यक सम्पादन गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवारमा गुणस्तर परीक्षणका लागि पठाउने निर्णय गरियो।

**निर्णय नं. २,**

चालु आ.व. मा सञ्चालित देहायका योजनाहरुको नाम भुलबस फरक ईन्ट्री हुन गएको तथा केही योजनाको शिर्षक परिवर्तन र रकमान्तरको लागि वडाबाट माग भई आएकोले निम्नानुसार हुने गरी निर्णय गरियो।

तपसिल

| क्र.सं. | वडा नं. | साविक नाम | परिवर्तित नाम | कै. |
|---|---|---|---|---|
| १. | वडा नं. २ | बेलचौर खानेपानी मर्मत वडा नं. ३ | बेलचौर खानेपानी मर्मत वडा नं. २ | शिर्षक परिवर्तन |
| २. | वडा नं. ४ | उदय जालपा कोलडाँडा जोरघट्टसम्म सठक मर्मत | उदय जालपा कोलडाँडा जोरघट्टसम्म सठक नयाँ ट्याक खोल्ने | |
| ३. | वडा नं. २ | शान्ति चौतारो आमा समूह टेबल कुर्सी लगायत आवश्यक फर्निचर खरिद | शान्ति चौतारो आमा समूह टेन्ट सेट खरिद | |
| ४. | वडा नं. ४ | ठूलो पहिरो हुँदै तुल्सा प्रा.वि. सम्म जोड्ने मूलबाटो सिँढी निर्माण | ठूलो पहिरो सोलिङ | |
| ५. | वडा नं. ४ | रक्तकाली मन्दर निर्माण | रक्तकाली मन्दिर सिँढी निर्माण | |
| ६. | वडा नं. ४ | विविध आकस्मिक — रु. ५,००,०००/- | स्याङतान टोल घलेटोल मरनघाटमा चिता निर्माण रु. ४०,०००/- | रकमान्तर |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | भैपरी आउँने पुंजीगत | | दमाईटोल स्याङ्तान टोल हुँदै सुब्बाटोल जाने बाटो | रु. ४०,०००/- | |
| | | | | घिमिरे कुल मन्दिर रङरोगन | रु. ४०,०००/- | |

**निर्णय नं. ३,**

विद्यालयस्तरीय अनुदान, योजना र कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. ४,**

पञ्चकन्या गाउँपालिकाको १० वर्षे गाउँ शिक्षा योजना (२०८२-०९१) तर्जुमा भई आवश्यक सुझाव र तेस्रो पक्ष मूल्याङ्कनका लागि वेब साईटमा प्रकाशन गरिएकोमा केही सुझावहरु प्राप्त भएकोले सान्दर्भिक सुझावलाई समेट्दै गाउँ शिक्षा योजना स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. ५,**

पञ्चकन्या गाउँपालिका अन्तर्गत रहेका विद्यालयहरुमा विद्यार्थी संख्या दिनानुदिन घट्दो क्रममा रहेको र नेपाल सरकारले निर्धारण गरे बमोजिम शिक्षक विद्यार्थी अनुपात यस गाउँपालिकामा पनि अमिल्दो देखिएकोले विद्यालयहरु एकअर्कामा मर्ज र शिक्षक दरबन्दी मिलानका लागि अध्ययन गरी प्रतिवेदन तयार गर्न देहाय बमोजिम ७ सदस्यीय कार्यदल गठन गर्ने निर्णय गरियो।

<u>तपसिल</u>

१. श्री तेज बहादुर तामाङ -गाउँपालिका अध्यक्ष - संयोजक
२. श्री माहानन्द ढकाल - वडा नं.१ अध्यक्ष - सदस्य
३. श्री रामशरण श्रेष्ठ - वडा नं. २ अध्यक्ष - सदस्य
४. श्री रामबाबु पराजुली - वडा नं. ३ अध्यक्ष - सदस्य
५. श्री सन्च तामाङ - वडा नं. ३ अध्यक्ष - सदस्य
६. श्री माधव प्रसाद सिटौला - वडा नं. ३ अध्यक्ष - सदस्य
७. श्री धर्मराज रिमाल - वडा नं. ३ अध्यक्ष - सदस्य सचिव

Scanned with CamScanner

**निर्णय नं ८,**

पञ्चकन्या गाउँपालिकाका लागि आवश्यक देहायका कानुनहरु तर्जुमाका लागि सैद्धान्तिक सहमति प्रदान गर्ने निर्णय गरियो।

<u>तपसिल</u>

१ नक्सा पास मापदण्ड र नक्सा अभिलेख मापदण्ड

२ खानेपानी मुलदर्ता कार्यविधि र

३ बजार अनुगमन कार्यविधि ।

**अन्य बिषय नभएकोले आजको बैठक समापन गरियो।**

Scanned with CamScanner